नेपाल सरकार

## गृह मन्त्रालयको सूचना

## प्रहरी (चौथो संशोधन) नियमावली, २०७३

प्रहरी नियमावली, २०७१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "प्रहरी (चौथो संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रहरी नियमावली, २०७१ को नियम ४६ मा संशोधन :** प्रहरी नियमावली, २०७१ को नियम ४६ को उपनियम (७) पछि देहायको उपनियम (७क) थपिएको छ:-

"(७क) उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी महानिरीक्षकको पद कुनै कारणले रिक्त हुने भएमा वा प्रहरी महानिरीक्षकले कुनै कारणवश सो हैसियतमा काम गर्न नसक्ने भएमा नेपाल सरकारले प्रहरी सेवाको वरिष्ठतम् प्रहरी अतिरिक्त महानिरीक्षकलाई निमित्त प्रहरी महानिरीक्षक भई काम गर्ने गरी तोक्न सक्नेछ । यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने प्रहरी अतिरिक्त महानिरीक्षकको हुनेछ ।"

**आज्ञाले,**

**लोकदर्शन रेग्मी**

**नेपाल सरकारको सचिव**



893